# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAANS

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editor : Bro. Bhuvan Devkoda

Vol. XXI | YEAR OF OUR LORD JESUS CHRIST, 2021 FEBRUARY | No. 3




**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस्।**

**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह ३७:१–१०**

१. दुष्टहरूलाई देखेर झर्को नमान, कुकमीहरूप्रति डाही नहोऊ,

२. किनकि तिनीहरू चाँडै घाँसझैं सुकिजानेछन् र हरिया बिरुवाजस्तै ओइलिजानेछन् ।

३. परमप्रभुमा भरोसा राख र भलाइ गर, त्यसरी देशमा रहेर सुरक्षाको उपभोग गर्नेछौं ।

४. परमप्रभुमा आनन्दित होऊ र उहाँले तिम्रो मनोरथ पूर्ण गर्नुहुनेछ ।

५. आफ्नो मार्ग परमप्रभुलाई सुम्प, उहाँमा नै भरोसा राख अनि उहाँले यो गर्नुहुनेछः

६. उहाँले तिम्रो धार्मिकता प्रभातझैं ज्योतिसमान र तिम्रो मामिलाको न्याय मध्यदिनको सूर्यसमान पार्नुहुनेछ ।

७. परमप्रभुको सामुन्ने मौन बस र धैर्यपूर्वक उहाँको प्रतीक्षा गर । मानिस आफ्ना कुमार्गमा फलिफाप हुँदा र त्यसले खराब युक्तिहरू कार्यान्वयन गर्दा तिमी झर्को नमान ।

८. रिसाउन छोड र क्रोधलाई त्याग । झर्को नमान, यसले खराबी गर्नतिर मात्र ढल्काउँछ ।

९. किनकि कुकर्मीहरू बहिष्कृत हुनेछन् तर परमप्रभुको प्रतीक्षा गर्नेहरूले देश अधिकार गर्नेछन् ।

१०. अलिक बेरपछि दुष्टहरू रहनेछैनन्, तिमीले तिनीहरूलाई खोजे तापनि तिनीहरू पाइनेछैनन् ।

# परमेश्वरका छोराछोरीको उत्तराधिकार !

**(मुख्य मण्डलीमा पास्टर एस. साम सेल्भाराजले दिनुभएको प्रवचन)**

**तर अब हे याकूब, तिमीलाई रच्नुहुने, हे इस्राएल, तिमीलाई सृष्टि गर्नुहुने परमप्रभु भन्नुहुन्छः "नडरा किनकि मैले तँलाई मोल तिरेर छुटाएको छु । मैले तँलाई तेरो नाउँ काढेर बोलाएको छु, तँ मेरै होस्"** (यशैया ४३:१) ।

हामीले यहाँ परमेश्वरको अचम्मको प्रतिज्ञा देख्छौं । यो संसारका सबै मानिसहरूलाई दिइएको छैन । पवित्र बाइबलमा हामीले पाउने परमेश्वरका सबै प्रतिज्ञाहरू उहाँका छोराछोरीहरूका निम्ति हुन् । अझ सठीक हुनको निम्ति यी प्रतिज्ञाहरू तिनीहरूका निम्ति हुन्, जसले प्रभु येशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार गरेका छन् र पवित्र जीवन जिएका छन्, उहाँका आज्ञाहरू मानेका छन् र तिनीहरू जसले "आफ्नो मनमा नयाँ भएर रूपान्तरण भएका छन्" (रोमी १२:२) ।

समाजमा प्रभावकारी व्यक्ति वा राजनैतिक अगुवा भएर मात्रै यी आशिष्हरू तिनीहरूका पुग्दैन । माथि भनिएझैं यी आशिष्हरू तिनीहरूकहाँ पुग्छ, जो आफ्नो मनमा नयाँ भएर रूपान्तरित भएका छन् । यस्ता मानिसहरूमा सम्पूर्ण घृणा र दुष्टताका विचारहरूबाट अलग भएको हृदय हुन्छन् र स्पष्ट विचार हुन्छ । नवीकरण भएको मन प्राप्त गर्नको निम्ति येशूबाहेक अरू कुनै बाटो छैन । येशू खीष्टले परिवतर्न गर्ने तरिका अचम्मको छ । संसारका कुनै पनि थोकहरू वा धन, मान वा संसारमा पाइने कुनै अन्य शक्तिले मानिसमा यस्तो प्रकारको परिवर्तन ल्याउन सक्दैन । येशूमाथि विश्वास गर्नहोस् र रूपान्तरण हुनुहोस् ! तपाईंलाई देख्नेहरूले तपाईंमाथि विश्वास गरून् । तपाईंलाई देख्नेहरूले तपाईंलाई प्रेम गरून् ।

मेरो पास्टर जी. सुन्दरमले एक पटक एउटा घटना बताउनुभएको थियो । एउटा परिवारमा छोरा आफ्नो अभिभावकबाट टाढा जाने कोसिस गरेको थियो किनकि ऊ आफ्नो खराब साथीहरूको प्रभावमा थियो । त्यस्तो नगर्न उसको अभिभावकहरूले उसलाई सल्लाह दिए पनि उसले तिनीहरूको कुरा सुनेन । उसको आमाले ऊसँग यति धेरै बिन्ती गरिन् तर उसले आफ्नो आमाको कुरा पनि सुनेन । अन्त्यमा, उसको आमाले उसलाई बताई, "छोरा, तिम्रो सर्टमा केही शब्दहरू टाँस्न मलाई देऊ । सबै प्रकारका परिस्थितिहरूमा बिना असफल भई त्यो तिमीले लगाउनू ।" तिनले टाँसिदिइन्, "म राजकीय वंशको हुँ ।" उसले त्यो सर्ट लगायो । हामीले बाइबलमा उडन्त पुत्रको बारेमा पढेका छौं, यो केटोले पनि आफुनै सबै

बाँकी पृष्ठ २ मा

# ECHO OF HIS CALL

**2019 - GOLDEN JUBILEE YEAR**

**OUR MISSION POLICY**

We should expound and teach the contemporary generation the undiluted teachings of the ancient and early Apostles. It is the need of the hour.





## युद्धका दिनको लागि घोडा तयार पारिन्छ तर विजयचाहिँ परमप्रभुकै हातमा हुन्छ (हितोपदेश २१:३१) ।



*from Editors...*


**CHIEF EDITORS**

Pastor S. Sam Selva Raj

Angeline Selvakumari Henry, M.A., M.Ed.

**MANAGING EDITOR**

Pastor Alex Samson Sam, B.Th.,M.Div.

**ADMINISTRATION**

Bro. N. Prakasam, M.A., General Manager

**EDITORIAL BOARD**

Sis. Jesy Veena Sam

Bro. M. Paulraj, M.A., B.Ed.

Sis. Serena Bevin, M.A., M. Phil., B.Ed.

**Hd. Qrs. CO-ORDINATORS**

Bro. John Rodrigues

Sis. E. Daisy Rani

**ADVISORY BOARD**

Adv. Jose Abraham

Adv. N. Balaji, B.Com., B.L.

Dr. S. Rabinder Boaz, M.S.

Er. C.G.S. Baburao, B.Tech., M.Tech. (DM)

Aud. K. Puratchivendan, M.Com., B.L



**PUBLISHER & PRINTER**

Pastor S. SAM SELVA RAJ

**Echo of His Call Printers**

10, Mohammed Abdullah 2nd Street

Chepauk, Chennai- 600 005, India.



**Phone :** (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

**Cell :** (+91) 98410 71852, 95661 31858

**E-mail :** sam@echoofhiscall.org biblecor@yahoo.co.in

**Websites :**

www.echoofhiscall.org

www.echoofhiscall.com


खीष्ट येशूमा प्रिय मित्रहरू,

हाम्रो प्रभर र मुक्तिदाता येशू खीष्टको नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं !

तपाईं कस्तो हुनुहुन्छ ? जब हामी तपाईंको बारेमा र स्वर्गीय प्रेममा परमेश्वरले हामीलाई एकता गर्नुभएको अचम्मको मार्गको बारेमा विचार गर्छौं, हामी आनन्दले भरिन्छौं । हो, हाम्रो सम्बन्ध संसारको होइन तर अनन्तको रहेको छ। अनुग्रहको सिंहासनको अघि तपाईं र तपाईंका प्रियहरूलाई अगाडि ल्याउन हामीले कहिल्यै बिर्सदैनौं भन्ने कुरा सुन्दा तपाईं आश्चर्यमा पर्नुहुनेछ। निश्चय नै परमेश्वरले तपाईंलाई आशिष् दिनुहुनेछ र तपाईंको जीवनका सबै क्षेत्रहरूमा जोगाउनुहुनेछ । उहाँले तपाईं र तपाईंका प्रियहरू र तपाईं सम्बन्धित थोकहरूका वरिपरि घेरा लगाउनुहुनेछ । परमप्रभु परमेश्वरले तपाईंलाई कहिल्यै बिर्सनुहुनेछैन वा त्याग्नुहुनेछैन। हाम्रो परमप्रभु परमेश्वर येशू खीष्ट भन्नुहुन्छ: "म तँसित मेरो करार बाँध्नेछु र तैले जान्नेछस् कि म नै परमप्रभु हुँ" (इजकिएल १६:६२) ।

मानिसहरूले नोक्सानीहरू भोगिरहे पनि हामीले संसारका विभिन्न भागहरूबाट समाचारहरू प्राप्त गरिरहेका छौं । तर परमप्रभु परमेश्वरले महामारीको यो समयमा पनि हामीलाई सुरक्षित राखिरहनुभएको छ। त्यसैले हामी उहाँप्रति धन्यवादी हुनुपर्छ ।

हाम्रो मिसनको क्षेत्रमा, हाम्रा मण्डलीहरू र सदस्यहरू, **बोलावटको प्रतिध्वनिका** प्रकाशनहरू, सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेजहरू, बाइबलकोर-पत्राचार कोर्सहरू, प्रशासन, आर्थिक अवस्थाहरू, आदिका बारेमा वास्ता गर्न हामी अत्यन्तै व्यस्त छौं। बयानै गर्न नसकिने विभिन्न गम्भीर अवस्थाहरू भए पनि हाम्रा दैनिक क्रियाकलापहरूमा परमेश्वरको हातले काम गरिरनुभएको कुरामा हामी साक्षी हुन सकेका छौं । भय र जीवनमा असुरक्षाको कारण महामारीले संसारका सामान्य मानिसहरूको दिमागको सोचलाई प्रभावित पारेको हामीले देख्छौं । आर्थिक क्षेत्रमा हामीले धेरै ठूला कठिनाइहरू सामना गरेका छौं । तर यी सबैभन्दा माथि हाम्रो जीवित मुक्तिदाताको नहल्लिने प्रतिज्ञा हामीसँग छ, "उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ" (रोमी ८:२८) ।

तपाईं पनि हुनै प्रकारको कठिनाइहरूबाट गुज्रिरहनुभएको छ भने कृपया यो जान्नुहोस् कि हाम्रो प्रभु येशू खीष्ट तपाईंका सबै अवस्थाहरूमा तपाईंसँग हुनुहुन्छ ।

हाम्रो मण्डलीका क्रियाकलापहरू र अन्य कार्यक्रमहरू राम्ररी अगाडि बढिरहेका छन् । तपाईंको प्रार्थना र सहायताको निम्ति तपाईंलाई धेरै धन्यवाद । परमेश्वरले तपाईंलाई आशिष् देऊन् !

**खीष्ट येशूमा तपाईंको भाइ र सेवक**

**एस. साम सेल्भाराज र एलेक्स सामसोन साम**

---

*पृष्ठ १ बाट*

पैसा खर्च गऱ्यो र आफ्नो स्वास्थ्य पनि र ऊ करिबकरिब मर्न लागेको थियो। त्यो समयमा, उसको सर्टमा टाँसिएको शब्दहरू ऊसँग बोल्न थाल्यो । "म राजकीय वंशको हुँ" भन्ने शब्दले उसको भित्री हृदयलाई छोयो । पछि, ऊ आफ्नो होसमा फर्कियो र उसले किन यस्तो खराब जीवनमा जिउनुपर्छ भनेर सोच्न


**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

पृष्ठ २ बाट

सुरु गऱ्यो । अन्त्यमा, ऊ आफ्नो अभिभावकहरूको खोजीमा निस्कियो । उसलाई देखेर उसको अभिभावकले उसलाई न्यानो रूपमा अङ्गालेका थिए र ऊ आफ्नो परिवारमा फर्कियो ।

जब एज्रा बेबिलोनबाट यरूशलेममा आए, उनले इस्राएलीहरूको अवस्था देखे । "पवित्र जाति" त्यो देशका अन्य मानिसहरूसँग मिसिएका कुरा उनले देखे (एज्रा ९:२) ।

प्रिय परमेश्वरका छोराछोरीहरू, तपाई स्वर्गीय पिताको छोराछोरी हुनुहुन्छ भन्ने तथ्य बिर्सनुभएको छ र खराब पापमा जिउनुभएको हुन सक्छ । तपाईंले गोप्य रूपमा केही पाप गरिरहनुभएको हुन सक्छ। तपाई अहिले मण्डलीमा किन हुनुहुन्छ ? परमेश्वरले भन्नुहुन्छ, "तिमी आफ्नी आमाको गर्भमा हुँदा नै मैले तिमीलाई चिनिसकें र तिमी यो मण्डलीमा आउनुपर्छ ।"

हो प्रियहरू, हाम्रो संसारको जग बसाल्नुअघि देखि नै हाम्रो परमप्रभु परमेश्वरले तपाईंलाई छान्नुभएको छ। त्यसैले, आफैंलाई नजरअन्दाज नगर्नुहोस् । तपाई विशेष हुनुहुन्छ ! दाऊदले झैं तपाईंले पनि परमेश्वरलाई भन्न सक्नुहुन्छ, "तपाई मेरो भाग हुनुहुन्छ" (भजनसंग्रह ११९:५७) । त्यसैले, परमप्रभुले पनि तपाईंलाई हेर्नुहुन्छ र भन्नुहुन्छ, "तिमी मेरा हौ ।" संसारले तपाईंलाई नराम्रो व्यवहार गर्न सक्छ, त्यसले तपाईंको हानि पनि गर्न सक्छ। तर तपाईंलाई बोलाउनुहुने परमप्रभु विश्वासयोग्य हुनुहुन्छ । उहाँ असल परमेश्वर हुनुहुन्छ र उहाँ विश्वासयोग्य हुनुहुन्छ !

यो संसार सृष्टि गर्नुहुने परमप्रभु परमेश्वरले तपाईंको नाउँ लिएर तपाईंलाई बोलाउनुभएको छ । तपाईंको अभिभावकहरूले तपाईंको नाम राखिदिनुभएको हुन सक्छ । तर जब तपाई आफ्नी आमाको गर्भमा हुनुहुन्थ्यो, तपाईंलाई छान्नुहुने परमप्रभु परमेश्वरले दिनुभएको नाउँ त्यो थियो । एक पटक मैले आफ्नी आमालाई सोधें, "तपाईंले मेरो नाम किन 'साम सेल्भाराज' राख्नुभयो ?" उहाँले भन्नुभयो कि म परिवारको सम्पत्ति हुँ !

हो, शमूएल महान् अगमवक्ता थिए । 'सेल्भाराज' को अर्थ 'सारा सम्पत्तिको राजा' हो। उहाँहरूले मलाई यस्तो राम्रो नाम दिनुभयो, म खुसी थिएँ। एक जना वृद्ध प्रचारकले भन्नुभयो, "जब हामी आफ्नी आमाको गर्भमा नै थियौं, हाम्रो परमप्रभु परमेश्वरले हामी हरेकको नाम राख्नुभयो ।" त्यसैले, मलाई 'साम सेल्भाराज' भनेर नाम दिनुहुने मेरो परमप्रभु परमेश्वर हुनुहुन्थ्यो भनेर मैले बुझें । तपाईंलाई नाम दिनुहुने पनि परमप्रभु परमेश्वर हुनुहुन्छ ।

परमप्रभुको स्वर्गदूत योसेफकहाँ देखा परे र भने, "तिनले (मरियम) एउटा पुत्र जन्माउनेछिन् र तिमीले उहाँको नाउँ **येशू** राख्नेछौ किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ" (मत्ती १:२१) । 'येशू' नाउँको अर्थ 'उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुन्छ' भन्ने हो । हामीले लूका १:१३ मा पनि अवलोकन गर्छौं कि जकरियाकहाँ एउटा स्वर्गदूत देखा परे र आफ्नो पत्नीको नाउँ 'यूहन्ना' राख्नू भनेर बताए ।

त्यसैले, जब तपाई अभिभावकहरूले आफ्ना छोराछोरीको नाम राख्नुहुन्छ, उहाँहरूले सर्वशक्तिमान परमेश्वरको आवाज सुन्नुपर्छ र परमप्रभुको अगुवाइअनुसार आफ्ना छोराछोरीको नाम राख्नुपर्छ । उहाँ तपाईंको मनमा बोल्नुहुनेछ ! तपाईंका छोराछोरीको नाम स्वर्गीय पुस्तकमा लेखिएका छन् !

एउटा दिन आउनेछ, जब परमप्रभु परमेश्वरले हामी हरेकलाई हाम्रो नाम लिएर बोलाउनुहुनेछ। हरेक जनाको नाम परमेश्वरको पुस्तकमा लेखिएको छ । तपाई विशेष हुनुहुन्छ । परमप्रभुले तपाईंलाई बताउनुहुन्छ, "तँ पानीबाट भएर जाँदा म तेरो साथमा हुनेछु। तँ नदीहरूबाट भएर जाँदा तिनले तँलाई डुबाउनेछैनन् । तँ आगोबाट हिंडेर जाँदा डढ्नेछैनस् । त्यसको ज्वालाले तँलाई भस्म पार्नेछैन" (यशैया ४३:२)। हो, कठिनाइ, समस्या र शोकले तपाईंलाई कहिल्यै हानि गर्न सक्दैन । तपाईंले सोच्न सक्नुहुन्छ, "अहो, म कठिन समयमा जिइरहेको छु र म यो भयानक रोगबाट पीडित छु । "तर तपाईंलाई बोलाउनुहुने परमप्रभुले भन्नुहुन्छ, जब तँ पानीबाट भएर जान्छन्, म तँसँग हुनेछु ।"

सुन्नुहोस्, हरेक जनाजस्तै तपाई पनि पानी र नदीहरूबाट भएर गुज्रिन सक्नुहुन्छ । तपाई आगोबाट भएर गुज्रिन सक्नुहुन्छ । तर तीबाट तपाईंलाई हानि पुऱ्याउने अनुमति परमेश्वरले दिनुहुनेछैन ।

अर्को, हामीले यशैया ४३:३ मा पढ्छौं, "किनभने म परमप्रभु तेरा परमेश्वर हुँ, इस्राएलका परमपवित्र, तेरा उद्धारक । तँलाई छुटाउनका निम्ति मिश्रदेश र तेरो सट्टामा कूश र सेबा म दिन्छु ।" हामी परमेश्वरका छोराछोरी हौं र त्यसैले, हामी कहिल्यै गरिबीमा जिउनुपर्नेछैन । हामी ऋणमा डुब्नेछैनौं । हामी किन मण्डलीमा आउँछौं ? परमेश्वरलाई भेटी दिने, प्रार्थना गर्ने र उपवास बस्नुको उद्देश्य के हो ? यी सबै थोकले तपाईंलाई ख्रीष्टको नजिक लैजानेछ ! परमेश्वरलाई प्रेम गर्नेहरूकहाँ सारा सम्पत्ति र आरामदायी थोक आउँछ । हामीले मत्ती ६:३३ मा पढ्छौं, "तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन् ।"

म नम्र सुरुवातबाट आएको भए पनि परमेश्वरले मलाई अहिलेजस्तै आशिष् दिनुभयो। उहाँले हामीलाई पहिले नै छान्नुभयो, हाम्रो नामद्वारा बोलाउनुभयो र हामीले उहाँलाई बलियो गरी समातिरहन्छौं भने उहाँले हामीलाई फिरौतीको रूपमा मिश्रदेश र सेबा दिनुहुनेछ !

हामीले धेरै जना मानिसहरूको वियोगपूर्ण अन्त्य देखेका छौं । तिमीहरू अत्यन्तै प्रख्यात व्यक्तित्व र धनी भएर जिए पनि तिनीहरूको अन्त्य विजोगपूर्ण थियो किनभने तिनीहरू परमेश्वरबिना जिएका थिए। परमेश्वर हामीतिर फर्कनुहुन्छ र भन्नुहुन्छ, "तँ मेरो दृष्टिमा बहुमूल्य र आदरणीय भएकाले र मैले तँलाई प्रेम गरेको कारणले म मानिसहरूलाई तेरो सट्टामा र जाति-जातिहरूलाई तेरो जीवनको सट्टामा दिनेछु" (यशैया ४३:४) । "तँ मेरो दृष्टिमा बहुमूल्य

**बोलावटको प्रतिध्वनि सेवकाइहरू बोलावटको प्रतिध्वनि समाचार पत्रका** पाठकहरूको ग्राहक शुल्क र तपाईंजस्तै हाम्रा मित्रहरूको स्वेच्छा भेटीहरूबाट चलेका छन् । *परमेश्वरले त खुसीले दिनेलाई नै मन पराउनुहुन्छ* (२ कोरिन्थी ९:७) । *हरतरहले– कुनै पनि मूल्यमा– हरेक तरिकामा– सबैले* (१ कोरिन्थी ९:२२) ।

– सम्पादक

भएको छस्, तँ मेरो दृष्टिमा बहुमूल्य भएको छस् !"

प्रिय दाजुभाइ/दिदीबहिनी, तपाईं कोही पनि व्यक्ति हुन सक्नुहुन्छ । जीवित परमप्रभुले भन्नुहुन्छ, "तिमीहरूको वर्तमान कठिन अवस्थाको बारेमा चिन्ता नगर ।" तपाईं कुनै समस्यामा वा ऋणमा वा रोगबाट पीडित वा कुनै प्रकारको पीडामा जिइरहनुभएको वा तपाईंले अर्को दिनमा सामना गर्नुपर्न सक्ने समस्याहरूका बारेमा सोचेर भोको र अनिदो भएको हुन सक्छ। तर परमप्रभुले भन्नुहुन्छ, "तँ मेरो दृष्टिमा बहुमूल्य र आदरणीय भएको हुनाले मैले तँलाई प्रेम गरेको छु । त्यसकारण, म तेरो निम्ति मानिसहरू र तेरो जीवनको निम्ति मानिसहरू दिनेछु ।" परमेश्वरका प्रिय छोराछोरीहरू, संसारका मानिसहरूले तपाईंलाई ऋणी, रोगी व्यक्तिल, गरिब वा अशिक्षित भनेर देखून्। तर परमेश्वरले तपाईंलाई भन्नुहुन्छ, "तँ मेरो दृष्टिमा बहुमूल्य भएको हुनाले तँ आदरणीय भएको छस् ।"

बसको खलासीले तपाईंलाई सामान्य यात्रुको रूपमा मात्रै देख्न सक्छ ! तपाईंको डाक्टरले तपाईंलाई बिरामीको रूपमा देख्न सक्छ !! तर प्रभु येशूले भन्नुहुन्छ, "तिमी मेरा बहुमूल्य छोरा हौ, तिमी मेरा बहुमूल्य छोरी हौ ।"

अहिले नै आफैंलाई परमेश्वरमा समर्पित गर्नुहोस्। हाम्रो परमप्रभुले तपाईंलाई शुद्ध सुनमा परिवर्तन गर्नुहुनेछ। केही मानिसहरूले आफ्ना सम्पूर्ण शारीरिक शक्ति गुमाएपछि मात्रै आफैंलाई समर्पित गर्छन् । तिनीहरूले आफ्ना बहुमूल्य वर्षहरू गुमाएका छन् । जब तपाईं स्वस्थ र बलियो हुनुहुन्छ, परमेश्वरको राज्यको खोजी गर्नुहोस् । तपाईंले टेक्नुभएको भूमि तपाईंको हुनेछ । हितोपदेश २८:२० ले भन्दछ, "विश्वासनीय मानिसले बेसरी आशिष् पाउनेछ ।"

मलाई यो कुरासँगै निष्कर्ष निकाल्न दिनुहोस्: एक पटक मैले मेरो पास्टर साम सुन्दरमलाई पुरासावाक्काम (चेन्नाइ) बाट मेरो घरमा लैजाँदैथिएँ, जुन १५ किलोमिटर टाढा थियो । मसँग केवल ३ रुपैयाँ र २० पैसा थियो । जब ट्क्यासी इग्मोर पुगेको थियो, तब मिटरले रु. ३ र २० पैसा देखाएको थियो । भर्खरै आधा बाटो पनि पार भएको थिएन। मेरो प्रिय पास्टरलाई बाहिर निस्कन र मेरो घरसम्म हिँडेर जाऔं भनेर मैले कसरी भन्न सक्थें र ? म भित्रभित्रै रोइरहेको थिएँ र हृदयमा प्रार्थना गरिरहेको थिएँ। कार छिटो चलिरहेको थियो। तर अचम्मको कुरा, मिटर रु. ३ र २० पैसामा गएर अड्कियो । मेरो घरमा हामी नपुगेसम्म त्यसले त्यही मात्रै रकम देखाइरहेको थियो ! चालकले मिटरमा हेरे र त्यो नोक्सान थियो ! कारले लामो दूरी पार गरेको भए पनि त्यसले केवल रु. ३ र २० पैसा मात्रै देखाइरहेको देखेर ऊ छक्क पऱ्यो। मैले चालकलाई भनें, "इग्मोरदेखि मिटरले काम गर्न छोडेको थियो । चिन्ता नगर्नुहोस् । शुल्क जतिसुकै भए पनि म दिनेछु। तर अहिले मसँग रु. ३ र २० पैसा मात्रै छ।" मैले आफ्नो घडी फुकालें र त्यो चालकलाई दिएँ र भनें, "म चेन्नाइमा मात्रै बस्छु। जब म तपाईंलाई अर्को पटक भेट्छु । म तपाईंको बाँकी रहेको पैसा तिर्नेछु र मेरो घडी फिर्ता लिनेछु ।" त्यसपछि मैले उसलाई जम्मा शुल्क कति हो भनें ।

ट्क्यासी चालकले मेरो नाडी घडी लिएन । उसले मलाई केवल सोध्यो, "के तपाईं ख्रीष्टियान हो ?" उसले पानी माग्यो, त्यो पियो र रु. ३ र २० पैसा पनि नलिईकनै फर्कियो । मैले मेरो परमप्रभु परमेश्वरलाई प्रेम गरेको हुनाले उहाँले मेरो निम्ति त्यो आश्चर्यकर्म गर्नुभएको थियो। केही वर्षपछि ट्क्यासी चालक फेरि मेरो घरमा आएको थियो । त्यो समयमा उसले मेरो घरअगाडि नयाँ सुन्दर "एम्बासेडर" कार देख्यो । ऊ अचम्ममा पऱ्यो र मलाई सोध्यो, "जब तपाईंसँग यस्तो राम्रो कार थियो भने तपाईंले मेरो ट्क्यासीमा किन यात्रा गर्नुभयो ?" मैले उसलाई भनें, "म त्यो समयमा गरिब थिएँ। मसँग त्यो समयमा रु. ३ र २० पैसाभन्दा धेरै थिएन । अब मेरो परमेश्वरले आशिष् दिनुभएको छ र मलाई उचाल्नुभएको छ ।"

"विश्वासनीय मानिसले बेसरी आशिष् पाउनेछ ।" परमप्रभु परमेश्वरले मलाई नयाँ कारको मालिक बनाउनुभयो जबकि मैले ट्क्यासीको लागि पैसा तिर्न सक्दैनथें। बाइबलले भन्दछ, "त्यसकारण, म तिमीलाई मानिस दिनेछु र तिम्रो जीवनको निम्ति मानिसहरू दिनेछु।" परमेश्वरले भन्नुहुन्छ, "तँ मेरो दृष्टिमा बहुमूल्य भएको हुनाले तँ आदरणीय भएको छस् ।"

परमेश्वरले तपाईंकहाँ धेरै असल मानिसहरू पठाउनुहुनेछ। तपाईंको स्वास्थ्य र आनन्दको बारेमा सोधपुछ गर्ने मानिसहरू तपाईंसँग हुनेछ । तपाईंका हातका परिश्रमको साथमा तपाईंले धेरै मानिसहरूलाई खुवाउनुहुनेछ । तपाईंको मुखका वचनले तपाईंले धेरै मानिसहरूलाई सान्त्वना दिनुहुनेछ । जसरी सेवकहरूका आँखाले आफ्ना मानिसहरूको अनुहारमा आशाको साथमा हेर्छन्, धेरैले तपाईंको अनुहारमा हेर्नेछन्। परमेश्वरले तपाईंलाई शिर बनाउनुहुनेछ र पुच्छर बनाउनुहुनेछैन। उहाँले तपाईंलाई तल फाल्नुहुनेछैन तर तपाईंलाई उचाल्नुहुनेछ । उहाँले तपाईंलाई मानिसहरू दिनुहुनेछ र तपाईंको जीवनको निम्ति मानिसहरू दिनुहुनेछ। किनभने म युवा हुँदा मैले आफैंलाई पवित्र राखें, अहिले परमेश्वरले मलाई आशिष् दिनुभयो ।

परमेश्वरले तपाईंलाई नियुक्त गर्नुभयो र उहाँले बोलाउनुभयो। "तपाईं राजकीय घरानाको हुनुहुन्छ" भनेर देखाउन उहाँले तपाईंमाथि चिन्ह लगाउनुभएको छ ।

सन् १९७१, जून २२ मा जब म चेन्नाइ सहरमा भएको सडक पेटीमा बसिरहेको थिएँ, म भोको थिएँ। सबै पसलहरू बन्द थिए र दुई जना पुलिसहरू त्यहाँ आए र भने, "उठ र हामीसँग आऊ।" "म राजकीय घरानाको थिएँ" भनेर तिनीहरूलाई थाहा थिएन । तिनीहरूले मलाई सोधे, "रातको २ बजे तिमी यहाँ किन बसिरहेका छौ ?" मैले जवाफ दिएँ, "यहाँ मसँग कोही पनि छैन । तर मेरो परमेश्वरले मलाई यहाँ ल्याउनुभएको हो ।"

एउटा पुलिसले भन्यो, "उठ, पुलिस थानमा हिँड ।" अर्को पुलिसले भन्यो, "पख, जब मैले उसको अनुहारमा हेरें, ऊ राम्रो परिवारबाट आएको हो भनेर मैले महसुस गरें। ऊ चोर वा लागुपदार्थ दुर्व्यसनीजस्तो देखिँदैन । उसलाई छोडिदेऊ।" तिनीहरू असल गवाही दिएर मलाई छोडेर गए ।

"तिमी मेरा बहुमूल्य छोरा हौ। तिमी मेरा बहुमूल्य छोरी हौ," परमप्रभु भन्नुहुन्छ । परमेश्वरले तपाईंलाई धेरै मानिसहरू दिनुहुनेछ । संसारका मानिसहरूले तपाईंलाई आफ्नो असल र खराब समयमा सहायता

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### प्रशंसाको निम्ति बुँदाहरू

फेब्रुअरी १९: परमेश्वरले हाम्रो आइतवारको सेवाहरूमा आशिष् दिनुभयो ।

फेब्रुअरी २०: परमेश्वरले विश्वासीहरूका साथमा हाम्रो मुख्य र शाखा मण्डलीहरूमा आशिष् दिनुभयो ।

फेब्रुअरी २१: परमेश्वरले हाम्रो मुख्य मण्डलीमा हाम्रो दिदीबहिनी संगतिमा आशिष् दिनुभयो ।

फेब्रुअरी २२: हाम्रा सहयोगीहरूका प्रार्थना र सहयोगको निम्ति परमेश्वरको प्रशंसा गरौं ।

फेब्रुअरी २३: १६ वटा भाषामा भएको हाम्रो प्रकाशनमा परमेश्वरले आशिषु दिनुभएको छ, जुन हाम्रो छापाखानामा छापिएर मिसनको क्षेत्रमा पठाइएको छ ।

फेब्रुअरी २४: मणीपुरी भाषामा नयाँ **बोलावटको प्रतिध्वनि** सुरु गर्न परमेश्वरले हामीलाई सहायता गर्नुभयो ।

फेब्रुअरी २५: अन्य चार वटा भाषामा पनि **बोलावटको प्रतिध्वनि** फैलाउने हाम्रो दर्शनको निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

फेब्रुअरी २६: हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

फेब्रुअरी २७: सुसमाचारको साथमा सुसमाचार नपुगेका क्षेत्रहरूमा प्रवेश गर्न परमेश्वरले हामीलाई अनुग्रहपूर्वक सहायता गर्नुभयो ।

फेब्रुअरी २८: परमेश्वरले हाम्रो मुख्य मण्डलीमा दाजुभाइ संगतिमा आशिष् दिनुभयो ।

मार्च १: विगतको महिनामा हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** सम्पूर्ण क्रियाकलापहरूमा परमेश्वरले आशिष् दिनुभयो ।

मार्च २: हामीले मिसन क्षेत्रहरूबाट असल प्रतिवेदनहरू पाएका छौं ।

मार्च ३: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूलाई सबै दुष्ट शक्तिहरूबाट हाम्रो प्रभुले बचाइरहनुभएको छ ।

### प्राथनाका निम्ति बदा:

मार्च ४: यो महिनामा **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** निम्ति आवश्यक कोष परमेश्वरले जुटाइदिनुभएको होस् ।

मार्च ५: संसारका सबै देशहरूबाट कोरोना भाइरसको उन्मूलनको निम्ति प्रार्थना गरौं ।

मार्च ६: कोरोना ज्वरोबाट आफ्ना प्रियजनलाई गुमाएका शोकसन्तप्त परिवारहरूका निम्ति प्रार्थना गरौं ।

मार्च ७: हाम्रा अङ्ग्रेजी सहसम्पादक भाइ एम पावलराजको पूर्ण चङ्गाइको निम्ति निरन्तर प्रार्थना गरौं ।

मार्च ८: हाम्रो मिसन क्षेत्रमा भएका कर्मचारीहरूका निम्ति प्रार्थना गरौं ।

मार्च ९: संसारका सबै आत्मिक अगुवाहरूका निम्ति प्रार्थना गरौं ।

मार्च १०: महिला र बालबालिका विरुद्ध हिंसाको उन्मूलनको निम्ति प्रार्थना गरौं ।

मार्च ११: हाम्रो मणीपुरी भाषाका सहसम्पादक रेभ. डा. ऋषिकान्ता सोरोखाइबामको निम्ति प्रार्थना गरौं ।

मार्च १२: हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूमा** परमेश्वरले अझ धेरै समर्पित कर्मचारीहरू दिनुभएको होस् ।

मार्च १३: सबै ख्रीष्टियान संस्थाहरूका निम्ति प्रार्थना गरौं ।

मार्च १४: हाम्रा संयोजकहरू र पास्टरहरूलाई परमेश्वरले नयाँ सामर्थ्य दिनुभएको होस् ।

मार्च १५: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहक साझेदारहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र तिनीहरूका परिवारका सदस्यहरूका निम्ति प्रार्थना गरौं ।

मार्च १६: हाम्रा सेवकाइहरूका आर्थिक आवश्यकताहरूका निम्ति प्रार्थना गरौं ।

मार्च १७: कोभिड-१९ समयावधिमा हाम्रो **बोलावटको प्रतिध्वनिको सेवकाइहरूका** सम्पूर्ण क्रियाकलापहरूमा परमेश्वरले आशिष् देऊन् ।

मार्च १८: परमेश्वरले हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्हरूलाई सबै प्रकारका दुष्ट शक्तिहरूबाट निरन्तर बचाउनुभएको होस् ।

पृष्ठ ४ बाट

गर्नुहुनेछ । तिनीहरूले तपाईंलाई अभिवादन गर्नुहुनेछ र प्रशंसा गर्नुहुनेछ । परमेश्वरको वचनले भन्दछ, “नडरा, मैले तँलाई छुटाएको छु, मैले तेरो नाउँ काढेर बोलाएको छु। तँ मेरो होस् ।” तपाई उडन्त पुत्रजस्तो हुनुहुँदैन। उसले “म राजकीय घरानाको हुँ” भन्ने शब्दको अर्थ निकै ढिला बुझेको थियो। अहिले नै संवेदनशील हुनुहोस् । तपाईं राजकीय परिवारको हुनुहुन्छ । बाइबलले भन्दछ, “तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक (१ पत्रुस २:९) । तपाई विशेष हुनुहुन्छ । परमेश्वरले आफ्ना स्वर्गदूतहरू तपाईंको हेरचाह गर्न र जोगाउन दिनुहुनेछ।

हाम्रो परमेश्वरले तपाईंलाई आफ्नो आँखाको नानीको रूपमा हेरिरहनुभएको छ । तपाईंको गोडा ढुङ्गामा नठोक्किएको होस् भनेर उहाँले हेर्नुहुनेछ। उहाँले तपाईंका सारा आवश्यकताहरू पूरा गर्नुहुनेछ। आज तपाई कुनै कुरामा भयभित हुनुभएको छ भने मानिसहरूका शब्दहरू नसुन्नुहोस् । संसारले तपाईंलाई धम्क्याउनेछ । परमेश्वरले के भन्नुहुन्छ, त्यो सुन्नुहोस्, “नडरा, मैले तँलाई छुटाएको छु, मैले तेरो नाउँ काढेर बोलाएको छु, तँ मेरो होस् ।”

अब तपाईंको हात आफ्नो काखमा राख्नुहोस् र भन्नुहोस्, “म येशूको हुँ ।” उहाँले तपाईंलाई आँखाको नानीको रूपमा बचाउनुहुनेछ। तपाई हिँड्नुहुँदा उहाँले तपाईंलाई बचाउनुहुनेछ । तपाईंको जीवनका सारा आवश्यकताहरू पूरा गरिनेछ, उहाँले तपाईंलाई धेरै मानिसहरू दिनुहुनेछ।

जब हामीले १६ वटा भाषामा हाम्रो सेवकाइ गरिरहेका थियौं, परमेश्वरले मलाई बताउनुभयो, “तिमीले अरू भाषा बोल्ने मानिसहरूका बीचमा सेवा गर्नुपर्छ ।” त्यो भाषा कुन थियो भनेर मलाई थाहा थिएन । मणीपुरबाट एक जना पास्टरले मलाई सम्पर्क गर्नुभयो र भन्नुभयो, “हामी मणीपुरबाट तपाईंको पत्रिका प्रकाशन गर्न तयार छौं । हामीलाई त्यो गर्न कृपया अनुमति दिनुहोस्।” मणीपुरमा हाम्रो ‘बोलावटको प्रतिध्वनि’ पत्रिका प्रकाशन गर्न परमेश्वरले आश्चर्यजनक रूपमा हामीलाई सहायता गर्नुभयो । अहिले परमेश्वरले मणीपुरमा शक्तिशाली रूपमा काम गरिरहनुभएको छ ।

परमेश्वरको वचनले यसरी काम गर्दछ । त्यो कहिल्यै व्यर्थ जानेछैन । “तेरो जीवनको निम्ति म मानिसहरू दिनेछु ।” हो, मेरा प्रियहरू ! परमप्रभुप्रति तपाईंको समर्पणताको साटोमा परमेश्वरले तपाईंलाई विभिन्न भाषाहरू बोल्ने र विभिन्न संस्कृतिका मानिसहरू दिनुहुनेछ। त्यही नै कुरा हाम्रो प्रभुले हामीसँग प्रतिज्ञा गर्नुभएको छ ।

तपाईं परमेश्वरको मानिस हुनुहुन्छ। तपाईंले उहाँलाई आफ्नो मुक्तिदाताको रूपमा स्वीकार गर्नुभएको छ । तपाई उहाँको सन्तान हुनुहुन्छ । तपाईंले उहाँको कृपा र प्रेम प्राप्त गर्नुभएको छ। तपाईं आमाको गर्भमा हुँदा नै उहाँले तपाईंलाई छान्नुभयो। केही शक्तिशाली कार्य गर्नको लागि उहाँले तपाईंलाई प्रयोग गर्न लाग्नुभएको छ। “तँ पानीबाट भएर जाँदा म तेरो साथमा हुनेछु। तँ नदीहरूबाट भएर जाँदा तिनले तँलाई डुबाउनेछैनन्। तँ आगोबाट हिँडेर जाँदा डढ्नेछैनस् । त्यसको ज्वालाले तँलाई भस्म पार्नेछैन ।” “तिमी मेरो बहुमूल्य छोरा हौ, तिमी मेरो बहुमूल्य छोरी हौ।” तपाईंको सेवकाइ देखेर प्रभु खुसी हुनुहुन्छ। प्रभुले तपाईंतिर पनि हेर्नुहुन्छ र भन्नुहुन्छ, “तिमी मेरा बहुमूल्य छोरा हौ, तिमी मेरा बहुमूल्य छोरी हौ ।”

कुनै पनि तरिकामा आफैंलाई नजरअन्दाज नगर्नुहोस् । तपाई राजकीय घरानाको हुनुहुन्छ भनेर याद गर्नुहोस् । जसरी उडन्त पुत्रले यी शब्दहरूको अर्थ बुझेको थियो, “म राजकीय घरानाको हुँ” र उपयुक्त पश्चात्तापसहित आफ्नो अभिभावककहाँ फर्केको थियो, त्यसरी नै आज हामीले पश्चात्ताप गर्नुपर्छ। हामीभित्र बहने येशू ख्रीष्टको रगत हो भनेर कृपया बुझ्नुहोस् । तपाई उहाँको रगतको सुरक्षामा आउनुभएको छ । तपाईंको नजिक कुनै पनि हानि आउनेछैन । तपाईंको जीवनमा असल कुराहरू हुनेछन् । तपाईंले अरूलाई ऋण दिनुहुनेछ र तपाईंले ऋण लिनुहुनेछैन । धन्यवाद पवित्र पिता । परमेश्वरले भन्नुभएका हरेक कुरा पूरा हुनेछन् । “यसकारण परमेश्वरको शक्तिशाली बाहुलीमुनि तिमीहरू आफैंलाई विनम्र तुल्याओ र उहाँले उचित समयमा तिमीहरूलाई उच्च पार्नुहुनेछ” (१ पत्रुस ५:६) ।

## फिल्ड प्रतिवेदन

सबैभन्दा पहिले हामी (पञ्जाबबाट हाम्रो सम्पूर्ण मराई परिवार) तपाईं सबैलाई हाम्रै मुक्तिदाता प्रभु येशू ख्रीष्टको पवित्र र शक्तिशाली नाउँमा नयाँ वर्ष २०२१ को शुभकामना व्यक्त गर्दछौं । तपाईंका इमेल र त्यसमा भएका उत्साहका आशिषित वचनबाट मैले व्यक्तिगत रूपमा अत्यन्तै आनन्दित र आशिषित महसुस गरेको छु। परमप्रभु परमेश्वर र उहाँको पवित्र वचनमा विश्वासमा अझ धेरै बलियो हुन यी वचनहरूले हामीलाई वास्तवमै प्रेरित गरेको छ ।

हामी दुवै तपाईंलाई यो कुरा जानकारी दिन अत्यन्तै आनन्द महसुस गरिरहेका छौं कि डिसेम्वर २०२० को महिनामा प्रभु येशूको नाउन्को बारेमा थाहा नपाएका नयाँ मानिसहरूका बीचमा परमेश्वरको राज्यको सुसमाचार फैलाउन प्रभु येशूले हामीलाई प्रयोग गर्नुभयो ।

अत्यन्तै चिसो मौसम/बाक्लो चिसोमा हाम्रो पञ्जाब राज्यको विभिन्न स्थानहरू/जिल्लाहरूमा भएका १४ वटा प्रार्थना बैठकहरूमा परमेश्वरको पवित्र वचन प्रचार गर्न परमप्रभु परमेश्वरले हामीलाई सहायता गर्नुभयो । सबै प्रशंसा र महिमा उहाँको पवित्र नाउँ (येशू) को होस् ।

हाम्रो सारा संकटमा हामीलाई सान्त्वना दिनुहुने हाम्रो परमप्रभु परमेश्वरलाई, स्वर्गीय परमेश्वरलाई हामी धन्यवाद र प्रशंसा दिन्छौं किनकि हामीले कुनै पनि समस्यामा परेकाहरूलाई (२ कोरिन्थी १:३-४) तिनीहरूलाई सान्त्वना दिन सकौं र दिनहुँ विजयमा हिँड्न हामीलाई सहायता गर्नुहुन्छ ।

हामीले तपाईं, तपाईंको परिवार र १९६९ देखि इमानदारीपूर्वक गरिरहनुभएको परमप्रभुको सेवकाइको निम्ति निरन्तर प्रार्थना गरिरहेका छौं । हाम्रो परमप्रभु परमेश्वरले प्रभु येशूको नाउँमा तपाईंका सम्पूर्ण आवश्यकताहरू पूरा गर्नुहुनेछ भनेर हामी निश्चित छौं । उहाँको राज्यमा कुनै कमी छैन। उहाँमा र उहाँको पवित्र वचनमा हाम्रो पूर्ण भरोसा छ। असम्भवलाई सम्भव बनाउन सक्ने उहाँ योग्य हुनुहुन्छ, उहाँको निम्ति केही पनि कठिन वा असम्भव छैन ।

-रेभ. संशेर सिंह मराई, पञ्जाब

# सारा धार्मिकता पूरा गर्ने

तिबेरियस सिजरको शासनको पन्ध्रौं वर्षको समयमा अथवा हाम्रो वर्तमान मितिको प्रणालीमा करिब ३० ए.डी.मा परमेश्वरको वचन जकरिया र एलिशीबाको छोरोकहाँ आएको थियो (लूका ३:१-१३) । त्यसपछि, उसले पापको पश्चात्ताप र बप्तिस्माको बारेमा प्रचार गर्न सुरु गरे । उसको नाम यूहन्ना थियो । उसलाई "बप्तिस" अथवा "बप्तिस्मा दिने" भनेर पनि चिनिन्थ्यो । यर्दन नदी वरिपरिका क्षेत्रहरूबाट धेरै मानिसहरू आए र आफ्ना पापको प्रायश्चित गरे । पश्चात्तापमा विगतका पापको निम्ति परमेश्वरलाई मन पर्ने शोकको भावना (२ कोरिन्थी ७:१०) र परमेश्वरलाई मन पर्ने मार्गमा जिउन परिवर्तन गर्न निश्चियता गर्ने कुरा (प्रेरित ३:१९, २६:२०) समावेश हुन्छ । पश्चात्ताप गरेर तिनीहरूले आफ्ना पापहरू स्वीकार गरे र यूहन्नाले तिनीहरूलाई यर्दन नदीमा बप्तिस्मा दिए (मत्ती ३:५-६) । "बप्तिस्मा" भन्ने शब्दले पानीमा पूर्णरूपले डुबाउनु भन्ने कुरालाई उल्लेख गर्छ ।

तब येशू गालीलबाट यूहन्नाकहाँ तिनीद्वारा बप्तिस्मा लिन यर्दनमा आउनुभयो । तर यूहन्नाले यसो भनेर उहाँलाई रोक्न खोजे, "बरु मलाई पो तपाईंबाट बप्तिस्मा लिनु आवश्यक छ र के तपाईं मकहाँ आउनुहुने ?" तर येशूले तिनलाई भन्नुभयो, "अहिलेलाई यसै हुन देऊ किनभने यसरी नै हामीहरूले सबै धार्मिकता पूरा गर्नुपर्दछ ।" तब यूहन्ना राजी भए (मत्ती ३:१३-१५) ।

यूहन्नाको उद्देश्य संसारको आत्मिक मुक्तिदाता मसीहको निम्ति बाटो तयार पार्नु थियो (लूका ७:२७ र मलाकी ३:१) । येशूको विशेष गुणलाई पहिचान गर्दै येशूले उसलाई बप्तिस्मा दिएको भए अझै राम्रो हुनेथियो भन्ने कुरा यूहन्नाले महसुस गरे । यूहन्नाको निम्ति येशूको आग्रह हुनुपर्ने कुराभन्दा ठीक विपरीतजस्तो देखिएको थियो । तर येशूलाई परमेश्वरको इच्छा थाहा थियो । आफ्नो सार्वजनिक सेवकाइको सुरुवातमा उहाँले बप्तिस्मा लिनुपर्थ्यो भनेर उहाँलाई थाहा थियो (लूका ३:२१-२३) । अनि उहाँले यूहन्नालाई कारण बताउनुभयो: सम्पूर्ण धार्मिकता पूरा गर्न । त्यसैले, यूहन्नाले येशूलाई यर्दन नदीमा बप्तिस्मा दिए (मर्कूस १:९-१०) । तर येशूले भन्नुभएका ती वचनहरूको अर्थ वास्तवमा के थियो ? उहाँको सार्वजनिक सेवकाइको सुरुवातमा उहाँको बप्तिस्मासँगै । सम्पूर्ण धार्मिकता पूरा गर्नमा येशूले कम्तीमा पनि दुई वटा महत्वपूर्ण कुराहरू प्राप्त गर्नुभयो ।

## येशूले परमेश्वरको आज्ञा पालन गर्नुभयो

जब उचित समय आयो, परमेश्वरले आफ्नो पुत्रलाई मोशाको व्यवस्थाअनुसार जिउने यहूदीहरूलाई मात्रै बचाउन होइन तर सारा मानिसहरूलाई पनि बचाउन संसारमा पठाउनुभयो (यूहन्ना ३:१६, रोमी ४:७, ५:२, गलाती ४:४, हिब्रू २:९-१०) । संसारको पाप उठाई लैजान पापरहित बलिदानको रूपमा परमेश्वरको योजना येशूले पूरा गर्नुभयो (मत्ती ५:१७, यूहन्ना ६:३८-४०), गलाती १:४, १ पत्रुस २:२४, १ यूहन्ना ३:५) । त्यसो गर्नको लागि उहाँ व्यवस्थाअनुसार सिद्ध र परमेश्वरप्रति आज्ञाकारीतामा सिद्ध हुनुपर्थ्यो (हिब्रू ५:८-९, १ पत्रुस १:१८-१९) । यही नै अवस्था थियो भनेर येशूले स्वीकार गर्नुभयो (यूहन्ना ४:३४, १४:३१, १५:१०, हिब्रू १०:९) । उहाँले परमेश्वरका कार्यहरू गर्नुभयो (यूहन्ना ९:४) र पिताले बोल्न चाहनुभएको वचनहरू उहाँले बोल्नुभयो (यूहन्ना १२:४८-५०) । उहाँ मर्न लाग्नुभएको अवस्थासम्मै आज्ञाकारी हुनुभएको थियो (फिलिप्पी २:८) र उहाँको आज्ञाकारीता उहाँको पुनरुत्थान र परमेश्वरको अनुग्रहको साथमा (प्रेरित १:२२, रोमी ३:२४-२५, ६:५-११, एफिसी २:५-८, १ पत्रुस १:३-४) सम्पूर्ण पुरुष र स्त्रीहरूका निसम्त मुक्ति उपलब्ध गर्नुभयो (रोमी ५:१९-२१, २ कोरिन्थी ५:१५, गलाती ३:७-८, हिब्रू ५:८-९, तीतस २:११) ।

येशू विश्वासयोग्य र पापरहित हुनुहुन्थ्यो र हुनुहुन्छ (हिब्रू २:१७, ३:२, ४:१५, १ पत्रुस २:२२) । पापरहित भएको हुनाले उहाँको बप्तिस्माअघि उहाँलाई पश्चात्ताप गर्नु वा पापको स्वीकार गर्नु आवश्यक थिएन । तर उहाँको बप्तिस्मा महत्वपूर्ण थियो । हामीले यो कुराको महत्व विभिन्न कुराहरूबाट देख्छौं । सारा धार्मिकता पूरा गर्नको निम्ति उहाँले यसै गर्न आग्रह गर्नुभयो । साथै येशूको बप्तिस्मापछि बप्तिस्मा दिने यूहन्नाले येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने साक्षी दिन सकेका थिए: "भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरको थुमा ! उनी उहाँ नै हुनुहुन्छ, जसको विषयमा मैले भनेको थिएँ, मपछि एक जना मानिस आउनुहुन्छ, जो मभन्दा उच्च हुनुहुन्छ किनभने उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो । म आफैंले उहाँलाई चिनेको थिइनँ तर उहाँ इस्राएलमा प्रकट होऊन् भनेर नै पानीले बप्तिस्मा दिँदै म आएँ ।" यूहन्नाले यसो भन्दै गवाही दिए, "मैले पवित्र आत्मालाई ढुकुरको रूपमा स्वर्गबाट ओर्लेर आई उहाँमाथि बस्नुभएको देखें । मैले उहाँलाई चिनेको थिइनँ तर जसले मलाई पानीले बप्तिस्मा दिनू भनी पठाउनुभयो, उहाँले नै मलाई भन्नुभयो, जसमाथि तिमी पवित्र आत्मालाई ओर्लंदै र बस्दैगर्नभएको देख्छौ, पवित्र आत्माले बप्तिस्मा दिनुहुने उहाँ नै हुनुहुन्छ । मैले देखेको छु र गवाही दिएको छु कि परमेश्वरका पुत्र उहाँ नै हुनुहुन्छ" (यूहन्ना १:२९-३४) ।

तैपनि सबैभन्दा महत्वपूर्ण रूपमा हामीले उहाँको बप्तिस्माको महत्व देख्छौं, जब पवित्र आत्मा उहाँमाथि आउनुभयो र जब परमेश्वर पिताले गवाही दिनुभयो कि उहाँ येशूसँग प्रसन्न हुनुहुन्छ: "अनि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनुभयो अनि स्वर्ग उघ्रियो र उहाँले परमेश्वरका आत्मालाई ढुकुरझैं ओर्लिरहनुभएको र आफूमाथि आइरहनुभएको देख्नुभयो । तब स्वर्गबाट यो वाणी आयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु" (मत्ती ३:१६-१७, हेर्नुहोस्, मर्कूस १:१०-११, लूका ३:२१-२२) । येशू ख्रीष्टले आफ्नो आज्ञाकारीताद्वारा सबै धार्मिकता पूरा गर्नुभएको थियो । तैपनि

उहाँको बप्तिस्मामा अर्को एउटा कुरा पूरा भएको थियो, जसले सारा धार्मिकता पूरा गरेको थियो ।

## येशू ख्रीष्टले हामीलाई उदाहरण दिनुभयो

उहाँको बप्तिस्मा (पूर्ण डुबाइ) द्वारा येशूले हामीलाई उदाहरण दिनुभयो, जुन हामीले पछ्याउनुपर्छ । सबैभन्दा पहिले ख्रीष्ट सारा मानवजातिको निम्ति मर्नु मात्रै भएको थिएन तर उहाँ मृत्युबाट बौरिउठ्नुभएको थियो भन्ने कुरा पनि हामीले जान्नुपर्छ (मत्ती १६:२१, २८:५-७, प्रेरित १:३, २:२३-२४, ३१-३२) । उहाँको पुनरुत्थानपछि परमेश्वरको दाहिने बाहुलीमा आफ्नो स्थान लिन स्वर्गमा उठाइलैजानुभयो (मर्कूस १६:९, यूहन्ना २०:१७, प्रेरित २:३१-३६, ७:५५, रोमी ८:३४, एफिसी १:२०, हिब्रू ८:१, १२:२, १ पत्रुस ३:२२) । त्यसैले येशू मर्नुभयो, पुनरुत्थान हुनुभयो र परमेश्वरको दाहिने हातमा विराजमान हुन जानुभयो ।

त्यो चाहिँ अनन्त जीवनमा आत्मिक पुनरुत्थानको सुरुवात थियो । येशू ख्रीष्ट मरेकाहरूबाट पहिलो जन्मेको हुनुहुन्छ (कलस्सी १:१८, प्रकाश १:५) । उहाँ पुनरुत्थानको पहिलो फल हुनुहुन्छ (१ कोरिन्थी १५:१९-२३) र उहाँले हामी सबैलाई अनन्त जीवन प्रदान गर्नुहुन्छ (प्रेरित २६:२३) । रोमी ६:३-१४ र १ पत्रुस ३:१८-२१ म हामीले उहाँको मृत्यु र पुनरुत्थान र हाम्रो पापमय जीवनको आत्मिक मृत्यु र हाम्रो आत्मिक पुनरुत्थानको बीचमा सम्बन्ध पाउँछौं । पापको हाम्रो पुरानो मनुष्यत्व पानीमा दफन (डुबाइएको) छ र परमेश्वरको निम्ति जिउने नयाँ जीवनमा हाम्रो पुनरुत्थान त्यो पानीबाट बाहिर आइरहेको छ: "बप्तिस्मामा तिमीहरू उहाँसँग गाडिएका थियौ । मरेकाहरूबाट उहाँलाई जीवित पार्नुहुने परमेश्वरको कार्यमा विश्वास राख्नाले यही बप्तिस्मामा तिमीहरू पनि उहाँसँगै जीवित पारियौ । तिमीहरू आफ्ना अपराध र शरीरअनुसार बेखतनामा मरेका थियौ तर परमेश्वरले हाम्रा सबै अपराध क्षमा गरिदिएर उहाँसँगै जीवित पार्नुभयो" (कलस्सी २:१२-१३, हेर्नुहोस् ३:१-४, हिब्रू ९:१४-१५, १०:१९-२५, तीतस २:११-१४) ।

जब ख्रीष्टले कुनै व्यक्ति पानी र आत्माबाट जन्मनुपर्छ भन्ने बताउनुभयो, उहाँले बप्तिस्मालाई उल्लेख गर्नुभएको थियो (यूहन्ना ३:३-५) । बचाइनको निम्ति हामी पानीको बप्तिस्माबाट नयाँ, आत्मिक जीवनमा पुनर्जीवित हुनुपर्छ र त्यसपछि हामीमा बास गर्नुहुने पवित्र आतमा हामीले प्राप्त गर्छौं (प्रेरित २:३८, १ कोरिन्थी ६:१९) । बप्तिस्मा उहाँको मृत्यु, दफन र पुनरुत्थानजस्तै हो ।

हामीले यसमा एक तरिकामा उहाँको शारीरिक, सार्वजनिक सेवकाइलाई विचार गर्न सक्छौं: बप्तिस्माद्वारा यो मृत्यु, दफन र पुनरुत्थानको प्रकारमा सुरु भएको थियो र त्यो उहाँको वास्तविक मृत्यु, दफन र पुनरुत्थानमा अन्त्य भएको थियो । त्यसपछि उहाँ स्वर्गमा उठाइलगिनुभयो । स्वर्गको मार्ग हामीलाई देखाउने उहाँ अग्रदूत हुनुहुन्छ (हिब्रू ६:२०) र उहाँले हाम्रो निम्ति मार्ग समर्पण गरिदिनुभयो (हिब्रू १०:१९-२०) । उहाँ हाम्रो विश्वास र अनन्त मुक्तिको लेखक हुनुहुन्छ (हिब्रू ५:९, १२:२) ।

हामीले मुक्ति चाहन्छौं भने हामीले त्यो मार्ग पछ्याउनुपर्छ । हामीले उहाँको उदाहरण पछ्याउनुपर्छ । येशू ख्रीष्ट पापरहित हुनुहुन्थ्यो, त्यसैले उहाँले पश्चात्ताप गर्नु वा कुनै पापको स्वीकार गर्नु पर्दैनथ्यो । सम्पूर्ण धार्मिकता पूरा गर्न उहाँले केवल बप्तिस्मा मात्रै लिनु आवश्यक थियो । तापनि, हामीले विश्वास गर्नुपर्छ (यूहन्ना १:१२ ८:२४, प्रेरित १६:३१, १ कोरिन्थी १:२१, गलाती ३:२२, हिब्रू १०:३९, ११:६) । हामीले आफ्ना पापको प्रायश्चित गर्नुपर्छ (लूका १३:५, २ कोरिन्थी ७:१०, २ पत्रुस ३:९) । हामीले येशू ख्रीष्टमा हाम्रो विश्वास स्वीकार गर्नुपर्छ (मत्ती १०:३२, रोमी १०:९-१०) । अनि येशू ख्रीष्टले आज्ञा गर्नुभएअनुसार हामीले बप्तिस्मा (पूर्ण डुबाइ) लिनुपर्छ (मत्ती २८:१८-२०, मर्कूस १६:१६, प्रेरित २:३८-४२, ८:१२, १०:४८, १६:३३, २२:१६, रोमी ६:३३, १ कोरिन्थी १२:१३, गलाती ३:२६-२९) । बप्तिस्मापछि हामीले अन्तिम पुनरुत्थानको आशा र परमेश्वरलाई मन पर्ने जीवन जिउन सङ्घर्ष गर्नुपर्छ, जब हामी ख्रीष्टसँग स्वर्गमा जानेछौं (यूहन्ना ५:२८-२९, १ कोरिन्थी १५:४२-५८, गलाती ५:५, फिलिप्पी १:२०, ३:९-२१, कलस्सी १:५, २७, १ थेसलोनिकी ४:१३-१८, हिब्रू ३:६) ।

येशू ख्रीष्टको सार्वजनिक सेवकाइको सुरुवातमा उहाँ सम्पूर्ण धार्मिकता पूरा गर्न बप्तिस्मा लिनुभयो । यसो गरेर उहाँले परमेश्वर पिताको आज्ञा पालन गर्नुभयो र हामीलाई त्यही कुरा पछ्याउन उदाहरण दिनुभयो । पृथ्वीमा उहाँको सेवकाइको अन्त्यमा, उहाँले सम्पूर्ण धार्मिकता पूरा गर्नुभयो । हाम्रो निम्ति उहाँको बलिदानको लाभ हामीले प्राप्त गर्ने चाहना गर्छौं भने हामीले उहाँको उदाहरण पछ्याउनुपर्छ र आज्ञाकारी हुनुपर्छ (१ पत्रुस १:१४) ।

"मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ" (मत्ती ७:२१) ।

"हामी ख्रीष्टसँग जिइउठाइएका छौ भने माथिका कुराहरूको खोजी गर, जहाँ ख्रीष्ट हुनुहुन्छ र परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नुभएको छ" (कलस्सी ३:१) ।


## कर छुट

कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ । यसको लागि आधिकारिक रसिद जारी गरिनेछ । यस्ता सहयोग चन्दाका सबै चेक तथा ड्राफ्टहरू अङ्ग्रेजीमा लेखेर बोलावटको प्रतिध्वनि शैक्षिक ट्रस्टको नाममा लेखेर हामीलाई पठाउनुहोला ।

**Account Name : ECHO OF HIS CALL EDUCATIONAL TRUST**
**Account Number : 1023 2923 805**
**Bank Name : STATE BANK OF INDIA**
**Branch : TRIPLICANE, CHENNAI - 600 005**
**IFSC Code : SBIN 0000249**



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५) ।

## बोलिरहनुभएको प्रभु येशू खीष्ट !

त्यो १९८२ को साल थियो ! परमेश्वरको अनुग्रह कहिल्यै परिवर्तन हुँदैन ! उहाँको बोलावट पनि कहिल्यै परिवर्तन हुँदैन !!! "किनभने परमेश्वरको वरदान र बोलावट अटल छन्" (रोमी ११:२९) । तर अवस्था अन्योलपूर्ण थियो । बस्नको निम्ति कुनै पनि सहयोगी स्थान थिएन । कोहीले पनि सहायता गर्दैनथ्यो । सेवकाइको निम्ति विरोध थियो । त्यहाँ घृणा र दबाब थियो । आर्थिक अवस्था कठिन थियो । सहयोगी मानिसहरूको कमी थियो र मैले भनेका कुरा सुन्ने कोही पनि थिएन । नजिकैको भित्ताहरूमा यस्तो भनाइ लेखिएको थियोः "धर्म परिवर्तन गर्ने मानिस ! मानिसहरू होसियार !!"

म पराजय, दिशाहीन अवस्थामा थिएँ र के गर्ने भनेर थाहा थिएन । निरुत्साहको वचन मकहाँ आयोः "तिमीलाई विरोध गर्ने यो स्थान तिमीले त्याग र सहरभन्दा २५ किलोमिटर टाढा भएको स्थानमा जाऊ । समय खेर नफाल ।" उस्तै प्रकारको विरोध र परामर्श मकहाँ आयो । त्यसैले, म त्यो निर्णय लिन बाध्य भएँ ।

एक रात म शोकमा र अनिँदो थिएँ । अनि मलाई कुनै पनि परामर्श दिने कोही पनि थिएन । मेरा वरिपरि भएका मानिसहरूले ठीक विपरीत सोचिरहेका थिए । म त्यस्ता मानिसहरू मानिसहरूले घेरिएको थिएँ, जो मैले भनेका कुरा सुन्ने र सोच्ने र अर्थपूर्ण जवाफ दिने अवस्थामा थिएनन् । त्यसैले मैले बिहान ४ बजेदेखि आफैंलाई घुँडा टेक्न समर्पित गरें ।

मैले बिहान सबेरैदेखि घुँडा टेके पनि मलाई थिचिरहेका समस्याहरूका कारण मेरो मुखबाट कुनै शब्द आइरहेको थिएन । तापनि, मेरो हृदय हाम्रो जीवित प्रभु येशू खीष्टसँग थियो । मेरो आवाज स्वर्गमा पुगिरहेको र मेरो निवेदन हँसिलो मुहारले लिइरहनुभएको प्रभुले काम गर्न सुरु गर्नुभएको मैले दृश्य देख्न सक्थें ।

समय कसरी बितेको थियो भनेर मैले बुझ्नै सकिनँ । मलाई खानेकुरा वा पानीको आवश्यकता थिएन ! तर त्यो दिनको साँझ ५:३० बजे मेरो साथी र **बोलावटको प्रतिध्वनि** पत्रिकाका हाम्रा सहसम्पादक (अङ्ग्रेजी) भाइ एम. पावलराज आउनुभयो । त्यो समयमा म घुँडा टेकेर प्रार्थना गरिरहेको थिएँ, उहाँको आगमनको बारेमा थाहा पाएर म उहाँलाई भेट्न बाहिर निस्कें ।

म आफ्नो शरीर र मनमा कमजोर भए पनि मेरो अनुहार चम्किरहेको थियो । मेरो अनुहार ताजा र चम्किलो देखेर उहाँले मलाई सोध्नुभयो, "भाइ, तपाईं कस्तो ताजा देखिनुहुन्छ ! के कुनै असल समाचार छ ?" मलाई लामो समयदेखि कुनै महत्वपूर्ण कुराले थिचिरहेको कारणले गर्दा म बिहान ४ बजेदेखि आफ्नो घुँडा टेकेर प्रार्थना गरिरहेको थिएँ भनेर मैले उहाँलाई बताएँ । थिचिरहेको समस्याको कारणले गर्दा शब्दहरू बाहिर निस्केका थिएनन् तर मेरो मनमा म परमेश्वरमा प्रार्थना गरिरहेको थिएँ ।

हाम्रो कुराकानीको समयमा उहाँले मलाई अचानक भन्नुभयो, "भाइ कस्तो असल हाम्रो प्रभु तपाईंसँग हुनुहुन्छ ! हामी दुवै जना गाउँको स्कुलमा पढ्यौं तर परमेश्वरले तपाईंलाई चेपकाउमा ल्याउनुभयो, जुन प्रान्तको राजधानीको नजिकै छ । उहाँले तपाईंलाई यहाँ सुसमाचार नपुगेका र कठिन क्षेत्रमा सुसमाचार प्रचार गर्न यो स्थानमा राख्नुभयो । यो कस्तो अचम्मको छ !" यशैया २:३ र मीका ४:२ ले भन्दछ, "...व्यवस्था सियोनबाट र परमप्रभुको वचन यरूशलेमबाट निस्कनेछन् ।" त्यसैले, परमेश्वरले यो क्षेत्र र देशका सबै भागहरूमा तपाईंद्वारा जिउँदो ज्योति दिन लाग्नुभएको छ । यो कस्तो अचम्मको छ ! परमेश्वरले आफ्नो छोरालाई सही समयमा मेरो समस्यामा समाधान दिन पठाउनुभयो र परमेश्वरले मेरो प्रार्थनाको जवाफ दिनुभयो ।

परमेश्वरका प्रिय छोराछोरीहरू, के तपाईं कठिन अवस्थाबाट गुज्रिरहनुभएको छ ? निरास नहुनुहोस् । उजाडस्थानमा पनि परमेश्वरले हागारको कठिन अवस्था देख्नुभएको थियो । "परमेश्वरले बालकको सोर सुन्नुभयो । अनि परमेश्वरका दूतले स्वर्गबाट हागारलाई हपारेर भने, 'ए हागार, तँलाई के दुःख पर्‍यो ? नडरा किनभने बालक भएको ठाउँबाट त्यसको सोर परमेश्वरले सुन्नुभएको छ'" (उत्पत्ति २१:१७) । प्रार्थनामा निरन्तर लागिरहनुहोस्, परमेश्वरले तपाईंको जीवनमा असल गर्नुहुनेछ ! **"निश्चय नै भविष्यमा तेरो निम्ति आशा छ र तेरो आशा व्यर्थ जानेछैन"** (हितोपदेश २३:१८) ।

### प्रेमिलो अनुरोध

तपाईं सबैलाई थाहै छ, कर्मचारीको तलब, कागज खरिदको खर्च र यात्रा खर्चजस्ता विभिन्न आवश्यकताहरू पूरा गर्न हामीलाई निकै कठिन भएको छ । सामान्यतयाः हामीले आफ्ना आर्थिक आवश्यकताहरू पूरा गर्न अरूलाई कहिल्यै भन्दैनौं । तर यो सेवकाइलाई साँचो रूपमा प्रेम गर्ने व्यक्तिहरूलाई आफ्ना भेटीहरू, मनी अर्डर, चेक वा डिमान्ड ड्राफ्ट, फोनपे, निफ्ट वा अन्य कुनै तरिकाहरूबाट पठाउन र यो सेवकाइमा हामीलाई सहायता गर्न आग्रह गर्दछौं । परमप्रभुले निश्चय नै तपाईंलाई आशिष् दिनुहुनेछ ।

**-सम्पादक, बोलावटको प्रतिध्वनि**

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

# ECHO OF HIS CALL

**Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.**

**Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministry** is supported by the free-will offerings and donations of the God's Children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us. Whenever you change your postal or e-mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our websites also. You can read it by going into the site as well as downloading it and get blessed.

Your letters, prayer requests and your financial helps (by D.D., Cheque, M.O. etc.) to **ECHO OF HIS CALL** may be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

**ECHO OF HIS CALL**
10, Mohammed Abdullah 2nd Street, Chepauk,
Chennai - 600 005, India
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766,
Cell: (+91) 95661 31858 / 98410 71852
E-mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.echoofhiscall.com

**YOU CAN SEND YOUR DONATIONS ON ONLINE ALSO**

## PLEASE PRAY FOR OUR MINISTRIES AT THE HEADQUARTERS

1. Prayer Service : 24 hours
2. **BIBLECOR -** Bible Correspondence Courses : English, Tamil & Hindi
3. **ECHO OF HIS CALL** - Monthly Magazines : English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikaans.
4. Nehemiah Bible Colleges (Two Centres)
5. Theological Correspondence Courses: English & Tamil
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools : 8.30 a.m. & 4.00 p.m. Sunday
13. **Tamil Services : 5.30 a.m. , 7.00 a.m. & 10.00 a.m. Sunday**
14. **Malayalam Service : 2.00 p.m. Sunday**
15. **Telugu Service : 4.00 p.m. Sunday**
16. **Hindi Service : 5.00 p.m. Sunday**
17. **English & Tamil Service : 6.00 p.m. Sunday**
18. Pastors' Counselling : 4.00 p.m. Sunday
19. Women's Prayer : 5.30 p.m. Wednesday
20. Mid-week Bible study : 6.30 p.m. Wednesday
21. Men's Prayer : 7.00 p.m. Friday
22. Workers' Meeting : 6.00 p.m. Saturday
23. House Meetings : 6.30 p.m. Monday & Tuesday
24. Special Holy Communion : 5.30 a.m. 1st day of each month
25. Ministers Review Meeting : 5.30 p.m. First Saturday
26. Parents' Prayer : 4.00 p.m. First Sunday
27. Night Prayer : 9.30 p.m. Second Friday
28. Fasting Prayer : 9:30 a.m. Third Saturday
29. Holy Communion : Second Sunday Services
30. Morning Devotion : 5.30 a.m. daily
31. Staff Devotion : 9.00 a.m. daily
32. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

**The details of our Bank Accounts are given below. Please inform us the details of your remittances.**

| Bank | Branch | Name | IFSC Code No. | Account Number |
|---|---|---|---|---|
| 1. STATE BANK OF INDIA | Triplicane, Chennai -5 | S. Sam Selva Raj | SBIN 0000249 | 102329 34679 |
| 2. ICICI BANK | Anna Salai, Chennai -2 | Echo of His Call | ICIC 0006038 | 6038 05022319 |

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 16th FEBRUARY 2021**
**If un-delivered please return to:**

**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

*JESUS LOVES YOU!*

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from No.10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers** No. 10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**